

विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY

वर्ष-१४ ।। अङ्क : २७० ।। २०७९ मंसिर ०७ गते बुधबार (23rd Nov 2022 Wednesday) **Pratidin** National Daily dNo-?÷%÷-


# झापाबाट तीन पुराना र दुई नयाँ अनुहार











झापा(प्रस) । प्रतिनिधिसभा निर्वाचनको मतपरिणामले झापाबाट तीन पुराना अनुहार दोहोरिने भएका छन् । पाँच निर्वाचन क्षेत्रमध्ये दुईवटामा नयाँ अनुहार पर्ने भएका छन् । झापा क्षेत्र नं ५ बाट एमाले अध्यक्ष केपी ओली,४ बाट एमालेकै एलपी साँवा र ३ बाट राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन दोहोरिने भएका हुन् । क्षेत्र नं १ बाट भने नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मा निर्वाचित भएर पहिलो पटक संसदमा जाने भएका छन् । त्यस्तै एमाले स्थायी कमिटी सदस्य देवराज घिमिरे पनि क्षेत्र नं २ बाट निर्वाचित भएर संसदमा छिर्ने भएका छन् । यद्धपि उनी राष्ट्रिय सभा सदस्य भइसकेका थिए । पछिल्लो मतपरिणाम अनुसार क्षेत्र नं ५ मा एमाले अध्यक्ष ओलीले २१ हजार १६७ मत ल्याउँदा उनका प्रतिद्वन्द्वी कांग्रेसका खगेन्द्रपाण्डव अधिकारीले १२ हजार ६६ मत पाएका छन् । त्यस्तै प्रदेशतर्फ ५(१) मा एमालेका हिक्मतकुमार कार्कीले १९३२ मत ल्याउँदा कांग्रेसका जीवनकुमार राईले १४८० मत हासिल गरेका छन् । प्रदेश ५(२) मा एमालेका होमबहादुर थापाले १२३४ मत ल्याउँदा माओवादीका रेवतीराज पुरीले ७४८ मत पाएका छन् । क्षेत्र नं १ मा कांग्रेस महामन्त्री शर्माले २१ हजार ७२८ मत ल्याउँदा एमालेका अग्नी खरेलले १३ हजार ३९५ मत ल्याएका छन् । प्रदेशतर्फ १(१) मा कांग्रेसका गोपाल तामाङले ८ हजार ९३५ मत ल्याउँदा एमालेका रविन कोइरालाले ७ हजार ७३४ मत पाएका छन् । त्यस्तै १(२) मा राप्रपाकी सविना बजगाईले ५ हजार ९६६ मत ल्याउँदा माओवादीका श्यामवीर लिम्बूले ५ हजार ६१५ मत ल्याएका छन् । त्यस्तै क्षेत्र नं २ मा एमालेका देवराज घिमिरेले १४ हजार २३४ मत ल्याउँदा स्वतन्त्र उम्मेदवार स्वागत नेपालले १२ हजार ५७८ मत ल्याएका छन् । प्रदेशतर्फ २(१) मा एमालेका एकराज कार्कीले ८ हजार २३१ मत ल्याउँदा एकीकृत समाजवादीका पुष्प पोखरेलले २ हजार ७४७ मत पाएका छन् । प्रदेश २(२) मा एमालेका चिन्तन पाठकले ७ हजार २३९ र कांग्रेसका खगेन्द्र मैनालीले ५ हजार ४७३ मत ल्याएका छन् । त्यस्तै क्षेत्र नं ४ मा एमालेका एलपी साँवाले ८ हजार ५२६ मत ल्याउँदा स्वतन्त्र पार्टीका शम्भुप्रसाद ढकालले ६ हजार ७४४ मत ल्याएका छन् । प्रदेशतर्फ ४(१) मा एमालेका राधाकृष्ण खनालले ८४५ र माओवादीका झलकसिंह दर्लामीले ६६० मत ल्याएका छन् । त्यस्तै प्रदेश ४(२) मा राप्रपाका भक्ति सिटौलाले ३६५ र कांग्रेसका एकराज उप्रेतीले २३० मत ल्याएका छन् । त्यस्तै क्षेत्र नं ३ मा राप्रपाका राजेन्द्र लिङ्देनले १० हजार ३६५ मत ल्याउँदा कांग्रेसका कृष्णप्रसाद सिटौलाले ७ हजार ८६४ मत पाएका छन् । प्रदेशतर्फ ३(१) मा कांग्रेसका भूमिप्रसाद राजवंशीले ८ हजार ९१५ र एमालेका बसन्त बानियाले ८ हजार ७७४ मत ल्याएका छन् भने ३(२) मा एमालेका छवि चुडालले ५ हजार ६८७ र माओवादीका पूर्णप्रसाद राजवंशीले ४ हजार ४७५ मत ल्याएका छन् । मुख्य निर्वाचन अधिकृतको कार्यालय झापाका अनुसार मंगलबार बेलुका ६ बजेसम्म जिल्लामा करिब ४० प्रतिशत मतगणना सम्पन्न भएको छ। झापाका पाँचै निर्वाचन क्षेत्रमा अहिले मतगणना जारी रहेको र हालसम्म ४०

❖ बाँकी अन्तिम पृष्ठमा

# प्रदेश १ : एमाले १२, सत्ता गठबन्धन १०, रास्वपा २ क्षेत्रमा अगाडि




झापा(प्रस) । प्रदेश १ स्थित प्रतिनिधिसभाको २८ निर्वाचन क्षेत्रमध्ये २७ वटाको प्रारम्भिक नतिजामा एमाले १३, सत्ता गठबन्धन १०, राष्ट्रिय स्वतन्त्र पार्टी २, राप्रपा र स्वतन्त्रले १/१ क्षेत्रमा अग्रता लिएका छन् ।

यस्तै यस प्रदेशस्थित ५६ प्रदेशसभा निर्वाचन क्षेत्रमध्ये ३६ वटा क्षेत्रको मतगणना भइरहेको छ । जसमा सत्ता गठबन्धनका २०, एमालेका १५ र राप्रपाको एक क्षेत्रमा अग्रता रहेको छ ।

मंगलबार साँझ ६ बजेसम्मको मतगणनाको मतपरिणाम अनुसार यस प्रदेशको १४ वटै जिल्लामध्ये सबभन्दा बढी ६ वटा निर्वाचन क्षेत्र रहेको मोरङमा सत्ता गठबन्धनको ३, एमाले २ र एउटा क्षेत्रमा स्वतन्त्र उम्मेदवारको अग्रता छ । मोरङ क्षेत्र १ मा कांग्रेसका डीगबहादुर लिम्बुलाई पछि पार्दै एमालेका घनश्याम खतिवडा, क्षेत्र २ मा कांग्रेसकी सुजाता कोइराला, क्षेत्र ३ मा एमालेका निवर्तमान सांसद भानुभक्त ढकाललाई पछि पार्दै कांग्रेसका सुनिल शर्माले अग्रता कायम राखेका छन् । यस्तै, क्षेत्र ४ मा एमालेका विनोद ढकाललाई पछि पार्दै माओवादी केन्द्रका निवर्तमान सांसद अमनलाल मोदी, क्षेत्र ५ मा स्वतन्त्र उम्मेदवार योगेन्द्र मण्डल र क्षेत्र ६ मा निवर्तमान सांसद लालबाबु पण्डितलाई पछि पार्दै कांग्रेसका शेखर कोइरालाले अग्रता कायम राखेका छन् ।

क्षेत्र २ कांग्रेसकी कोइराला र एमालेका ऋषिकेश पोखरेलबीच कडा प्रतिस्पर्धा देखिएको छ । मंगलबार साँझ ६ बजेसम्ममा सुजाताले ४ हजार ३७० र पोखरेलले ४ हजार ३१३ मत प्राप्त गरेका छन् ।

२०७४ को निर्वाचनमा वाम गठबन्धन गरेर यस प्रदेशमा १६ क्षेत्रमा जित निकालेका एमालेले मंगलबार साँझसम्ममा ताप्लेजुङ १, पाँचथर १, इलामको १ र २, झापाको २, ४ र ५, मोरङको १, सुनसरीको ४, धनकुटाको १, संखुवासभाको १, तेह्रथुमको १ र उदयपुरको २ नम्बर क्षेत्रमा अग्रता लिएको छ ।

अघिल्लो निर्वाचनमा ५ क्षेत्रमा सीमित भएको कांग्रेसले यसपटक झापा १, मोरङ २, ३ र ६, ओखलढुंगाको १ र उदयपुरको १ नम्बर क्षेत्रमा अग्रता लिएको छ । यस्तै, गत निर्वाचनमा ६ क्षेत्रमा जितेको माओवादी केन्द्रले यसपटक मोरङको ४, सुनसरीको १, भोजपुरको १ र खोटाङको १ नम्बर क्षेत्रमा अग्रता लिएको छ। अघिल्लो निर्वाचनमा एक क्षेत्र जितेका राप्रपाले यसपटक पनि एउटा क्षेत्र झापा ३ मा मात्रै अग्रता लिएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीले यस प्रदेशको सुनसरीको २ र ३, र स्वतन्त्रले मोरङको ५ नम्बर क्षेत्रमा अग्रता लिएको छ ।

प्रदेश १ का संस्थापक मुख्यमन्त्री एमालेका शेरधन राईलाई भोजपुर १ मा माओवादी केन्द्रका सुदन किरातीले र अर्का पूर्वमुख्यमन्त्री भीमप्रसाद आचार्यलाई सुनसरीको क्षेत्र २ मा पछि पार्दै राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार लालविक्रम थापाले अग्रता लिएका छन् ।

# घरमै राखेका दुईवटा मोटरसाइकलमा आगजनी



भद्रपुर(प्रस) । भद्रपुर १० चन्द्रगढीस्थित वीपी टोलमा घरमै राखिएको अवस्थामा दुईवटा मोटरसाइकलमा अज्ञात समूहले आगजनी गरी क्षति पुर्याएको छ ।सिर्जनशील सरस्वती मार्गमा रहेको राधाकृष्ण अधिकारीको घरमा राखिएका दुईवटा मोटरसाइकलमा सोमवार राति अज्ञात समूहले आगजनी गरी क्षति पुर्याएको हो । पीडित अधिकारीका अनुसार राति ९.३० वजेतिर एक्कासी त्रिपालले छोपेर राखेको मोटरसाइकलमा आगो बलेको देखेको र मोटरसाइकलको पछाडिको भाग जलिरहेको अवस्थामा आगो नियन्त्रणमा लिँदा थप क्षति हुन पाएन ।

आगलागीबाट प्र–१–०१–१२ प ५२३९ को पल्सर मोटरसाइकलमा पछाडिपट्टि पूर्ण क्षति भएको छ भने मे ७ प ९६९७ मा पनि क्षति पुगेको छ ।

अधिकारीका अनुसार घर अगाडि पूर्ण रूपमा गेट बन्द रहेका कारण पछाडिबाट मोटरसाइकल चोर्न पसेका व्यक्तिले गेट फुटाउन नसकेपछि त्रिपालले छोपेका मोटरसाइकलमा आगो लगाएर भागेको हुन सक्ने अनुमान छ । प्रहरीले पनि यस विषयमा अनुसन्धान भइरहेको जनाएको छ ।

# काठमाडौं-४ बाट गगन थापाको ‘ह्याट्रिक’



झापा(प्रस) ।प्रतिनिधिसभा सदस्यका लागि भएको निर्वाचनमा काठमाडौं-४ मा नेपाली कांग्रेसका उम्मेदवार गगनकुमार थापा विजयी भएका छन् । कांग्रेसका महामन्त्रीसमेत रहेका थापा २१३०२ मत प्राप्त गरी विजयी भएका हुन् । उनका निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका राजन भट्टराईले १३८५५ मत प्राप्त गरेका छन् । थापाले भट्टराईलाई ७ हजार ४ सय ४७ मतान्तरले पराजित गरेका हुन् । उनको क्षेत्रबाट जम्मा ४५ हजार ५ सय ३ मत खसेको थियो । उक्त क्षेत्रबाट यो उनको चौथो जित हो । संविधानसभा सदस्य निर्वाचन २०६४ मा कांग्रेसका तर्फबाट समानुपातिक सदस्यमा निर्वाचित महामन्त्री थापा संविधानसभा सदस्य निर्वाचन २०७० मा काठमाडौं ४ बाट प्रत्यक्षतर्फ निर्वाचित भएका थिए भने प्रतिनिधिसभा सदस्यमा २०७४ मा काठमाडौं-४ बाटै निर्वाचित भएका थिए । उनी यसअघि २०७३ सालमा स्वास्थ्यमन्त्रीसमेत भएका थिए । २०४६ सालको जनआन्दोलनमा विद्यार्थी अवस्थामै राजनीतिमा सक्रिय सहभागिता जनाएका उनी २०५१ सालमा नेविसंघ त्रिचन्द्र क्याम्पसको स्ववियु सदस्यमा निर्वाचित भएका थिए । त्रिचन्द्र क्याम्पसमा २०५३ सालमा स्ववियु सचिव र २०५५ मा सभापतिमा निर्वाचित भएका थापा त्रिभुवन विश्वविद्यालय सिनेट सदस्यसमेत रहेका थिए ।

२०५७ मा नेविसंघ केन्द्रीय उपाध्यक्ष बन्दै २०५९ सालमा नेविसंघको महामन्त्रीको पद सम्हालेका थापा २०६८ मा कांग्रेसको केन्द्रीय सदस्यमा निर्वाचित भएका थिए । २०७२ सालमा कांग्रेस केन्द्रीय सदस्यमा मनोनित भएका उनी हाल कांग्रेस महामन्त्रीको रुपमा रहेका छन् ।

# सप्तरीको दुई प्रदेश सदस्यमा जनमत पार्टी निर्वाचित





झापा(प्रस) । सप्तरीको २(२) मा जनमत पार्टीका महेश यादव विजयी भएका छन् । माओवादीमा सक्रिय महेश पार्टीले टिकट नदिएपछि मनोनयनको अघिल्लो रात जनमत पार्टीमा प्रवेश गर्दै उम्मेदवार भएर विजयी भएका हुन् ।

उनले पूर्व सिंचाईमन्त्री उमेश यादवलाई ६ हजार ३ सय २ मतान्तरले पराजित गर्दै जित निकालेका हुन् । विजयी महेशले १३ हजार ३ सय २५ मत प्राप्त गरे । उनका प्रतिस्पर्धी माओवादीका यादवले ७ हजार २३ मत प्राप्त गरे ।

त्यस्तै सप्तरी २(१)मा पनि जनमत पार्टीले नै जित हासिल गरेको छ । जनमत पार्टीले मधेश प्रदेश सभामा दोस्रो जित निकालेको हो ।

सप्तरी २ (१) बाट जनमत पार्टीका सतिशकुमार सिंह १६ हजार ७ सय ३४ मत ल्याउँदै निर्वाचित भएका हुन् ।उनका निकटतम् प्रतिद्वन्द्वी प्रदेशका अर्थमन्त्री समेत रहेका जसपाका शैलेन्द्रप्रसाद साहले ८ हजार २ सय ९२ मत प्राप्त गरे । विजयी सिंह गत स्थानीय तहको चुनावमा सप्तरीको तिलाठी कोईलाडी गाँउपालिका अध्यक्षमा पराजित भएका थिए ।लोसपाबाट उम्मेदवार भई गाउँपालिका अध्यक्षमा पराजित भएपछि उनी जनमत पार्टीमा प्रवैश गर्दै प्रदेश सभा सदस्यमा उम्मेदवार बनेका थिए ।

# नेकपा एसका उपमहासचिव खतिवडालाई हराउँदै एमालेका रायमाझी निर्वाचित



उदयपुर(प्रस) । उदयपुर निर्वाचन क्षेत्र नं. २ बाट प्रतिनिधिसभा सदस्यमा नेकपा एमालेका अम्बरबहादुर रायमाझी निर्वाचित भएका छन् । रायमाझीले नेकपा एकीकृत समाजवादीका उपमहासचिव जगन्नाथ खतिवडालाई २ हजार ३५८ मतान्तरले पराजित गरेका छन् ।

रायमाझीले १५ हजार २५१ मत ल्याउँदा सत्ता गठबन्धनको साझा उम्मेदवार रहेका खतिवडाले १२ हजार ८९३ मत ल्याएका छन् । कांग्रेसका बागी उम्मेदवार रामकुमार राईले १० हजार ३७९ मत ल्याएका छन् ।

यहाँ मंगोल नेशनल अर्गनाइजेनका भाष्कर राईले १ हजार ४३० र राष्ट्रिय स्वतन्त्र पार्टीका अनिलकुमार श्रेष्ठले ९१० मत पाएका छन् ।

# मतदातामा निराशा किन ?



• सुरेन्द्र काफ्ले

प्रतिनिधि र प्रदेशसभा सदस्य निर्वाचनमा घटेको मतदान र प्रारम्भिक मत परिणामले पुराना राजनीतिक दलप्रति नागरिकको असन्तुष्टिलाई देखाएको छ। अघिल्लो निर्वाचनभन्दा यसपटक करिब ८ प्रतिशत कम मतदान भयो। मत परिणाममा पनि नयाँ पार्टीलाई राम्रो मत आइरहेको छ। यस्तो नतिजा आउनु नै पुराना दलले नागरिकको मन जित्न नसक्नुको परिणाम भएको बताउँछन् राजनीतिक विश्लेषक प्रा.डा.लोकराज बराल। 'ठूला भनिएका पार्टीबाट केही काम हुन नसकेपछि जनताले नयाँपन खोजेको देखिन्छ,' उनले भने, 'ती पार्टीहरू सत्ताकेन्द्रित भए। त्यसैले जनताले विकल्पको शक्ति खोजे।'

सधैं मधेस केन्द्रित दललाई पछ्याउने मधेस प्रदेश होस् वा पुराना दलको गढ मानिने क्षेत्र, धेरै स्थानमा परिणाम मिश्रित आइरहेको छ। पुराना नेतादेखि वाक्कदिक्क भएर नयाँले केही परिवर्तन गर्लान् कि ? भन्ने आशामा जनताले वैकल्पिक शक्तिलाई भोट हालेको हुन सक्ने राजनीतिक विश्लेषक बरालको भनाइ छ।

मधेस प्रदेशमा डाक्टर सीके राउत र पश्चिम तराईमा रेशम चौधरीले नेतृत्व गरेको पार्टीले नागरिकमा परेको सकारात्मक प्रभावलाई प्रारम्भिक नतिजाले पनि देखाएको छ। जारी मत परिणामले काठमाडौं उपत्यकासहित बागमती र गण्डकी प्रदेशमा स्वतन्त्रको अवस्थालाई राम्रो देखिएको छ। यी क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टीको प्रभाव बलियो बनेको देखाउँछ।

मतदानको दर घटे पनि आएको मतले फरक धार समातेको देखिने राजनीतिक विश्लेषक बरालको तर्क छ। उनी नेपालको मत परिणामलाई अन्य मुलुकसँग तुलना गर्दा खसेको मतलाई भने नराम्रो नै हो भन्न नसकिने बताउँछन्।

भन्छन्, '६१ प्रतिशत मत खसेको छ। यसलाई अन्य देशको परिणामसँग तुलना गर्दा नराम्रो हो भन्न त सकिन्न। किनकि अमेरिकामा ४९-५० प्रतिशत मतदान हुन्छ।'

नेपालमा मतदाता बढ्दा मत प्रतिशत पनि बढ्नुपर्ने हो। तर, त्यो भने देखिएन। यो निराशाको संकेत भएको राजनीतिक विश्लेषक चन्द्रकिशोरको तर्क छ। उनी गठबन्धनकै कारण मतदातामा उदासीनता बढेको दाबी गर्छन्। 'पाँच वटा महत्वपूर्ण पार्टी छ।

सबै पार्टीको उम्मेदवार हुँदा सबैले मतदाताहरूलाई आकर्षित गरेर मतदान केन्द्रमा लैजान्थें,' उनले भने, 'यसपल्टको चुनावमा धेरै पार्टीको एलाइन्स छ। त्यहाँबाट एउटै उम्मेदवार छन्। यसले अरू पार्टीका कार्यकर्ताहरू उदासीन भए। मन भयो गए, मन भएन, गएनन्। त्यसैले मतदानको प्रतिशत घट्यो।' उनले गाउँभन्दा बाहिर गएका मतदाता चुनावमा भोट हाल्न कमै गाउँ फर्केको पनि आफूले महसुस गरेको बताए।

'नागरिकले दलका क्रियाकलापलाई नजिकबाट नियालेका छन्। आफ्नो स्वार्थका लागि गठबन्धन गर्ने र नेताको स्वार्थ मात्रै हेर्ने भएकाले धेरै मतदाता भोट हाल्न गाउँ आएनन्,' उनले थपे, 'अब पुराना र ठूला भनिएका पार्टी सुधारिनु पर्ने दिन आएको छ।'

मतदातामा निराशा एकातिर छ भने अर्कोतर्फ खेतीपातीको समय भएकाले पनि मतदानमा उत्साह कम भएको विश्लेषक चन्द्रकिशोरको अनुमान छ। भने, 'अहिले खेतीको समय छ। दलहरूको एजेन्डाले मतदाताहरूलाई तान्न सकेनन्। यो किसानको धान काट्ने र गहुँ छर्ने मुख्य समय हो। त्यसैले अन्न भित्र्याउने र उब्जाउन छोडर नेताका लागि भनेर उनीहरू मतदान उत्साहित भएनन्।'

उनले जनताको मुख्य समस्यालाई पार्टीहरूले चुनावी मुद्दा नबनाएकोले किसानमा मतदानप्रति उत्साह नदेखिएको बताए। 'किसानले धानको मूल्य पाउँदैनन्। बेरोजगारीको समस्या उस्तै छ। सिँचाइ, मल, बीउबिजनको समस्या विकराल छ,' उनले भने, 'क्यान्सरजस्ता बिरामी पर्दा उपचारमा सहयोग छैन। पब्लिक एजुकेसन, पब्लिक हेल्थ कमजोर भयो। नागरिकताको समस्या समाधान भएन। यी उम्मेदवारका एजेन्डामा परेनन्। अनि किन नघटोस् मत ?,' उनले भने।

राजनीतिशास्त्री प्रा.डा. जनार्दन आचार्य मतदान कम हुनु र नयाँ शक्तितिर जनताको आकर्षण हुनु असन्तुष्टिको परिणाम भएको बताउँछन्। 'यो असन्तुष्टिको परिणाम हो। नयाँ भनिएको दललाई सिद्धान्त र देश बनाउने एजेन्डा भएर जनताले भोट दिएका होइन। यो नो, भोटको संकेत पनि हो,' उनले भने।

राजनीतिशास्त्री आचार्य अहिले नयाँ भनेर आएका पार्टीहरू पनि परम्परावादी नै भएको तर्क गर्छन्। 'उनीहरूको एजेन्डा र सिद्धान्त स्पष्ट छैन। चुनावी ट्रेन्डले वर्तमान राजनीतिक व्यवस्थामा नै खतराको संकेत देखिएको छ। संघीयता, गणतन्त्र नमान्ने शक्तिहरूको लहर देखिएको छ,' उनले भने।

अघिल्लो निर्वाचनभन्दा यसपटक राष्ट्रिय प्रजातन्त्र पार्टीको प्रारम्भिक परिणाम राम्रो देखिएको छ। राजनीतिक विश्लेषक डा. राजेश अहिराज जनतामा नेताप्रतिको विश्वास घट्दै गएको बताउँछन्। 'व्यवस्था परिवर्तन भयो। तर, पात्र उही पुरानो छ। उनीहरूको चरित्र त्यस्तै छ। शैलीमा बदलाव आएन। जनतालाई परिणाम दिन सकेनन्,' उनले भने, 'राजाको समयमा गृहमन्त्री जो थिए प्रजातन्त्र आएपछि उनै पात्र अर्को मन्त्री बने। गणतन्त्र भए पनि प्रधानमन्त्री बने। अनि हामीले कसरी परिवर्तन भयो भन्नु ?'

नेताहरूले भोटको राजनीति मात्र गरेको उनको भनाइ छ। 'संसद्को काम भनेको नीति निर्माण गर्ने भए पनि जनतालाई छारो हाल्न विकासका कुरा गरेर अल्मल्याउने गरेका छन्। अब त नागरिकले पनि बुझ्न थाले नि कसले के को कुरा र काम गर्ने भनेर,' उनले भने।

गठबन्धनका कारणले पनि मतदाताहरूको आस्थामा ठेस लागेको डा. अहिराज बताउँछन्। भन्छन्, 'जसले जुन पार्टीप्रति आस्था राख्यो। त्यो पार्टीको चुनाव चिह्नको उम्मेदवार उसको क्षेत्रमा भएन। गठबन्धन त नेताले गरेका छन्। मतदाताले त गठबन्धन गरेका छैनन् नि।'

**मतदानमा युवा कम**

मतदानको प्रतिशतले यस पटकको निर्वाचनमा युवाको वितृष्णा बढेको देखाउँछ। चुनावकै दिन पनि ठूलो संख्या युवाहरू बिदेसिएका थिए। उनीहरूले चुनावको कुनै चासो राखेनन्। राजनीतिक विश्लेषक डा. बराल चुनावकै दिन हजारौं युवा बिदेसिनुले निराशाको संकेत गरेको बताउँछन्। 'चुनावकै दिन तीन हजारभन्दा बढी युवाहरू बिदेसिए। उता भारततिर जाने पनि यति नै छन्,' उनले भने, चुनावले युवाहरूको विश्वास लिन सकेनन्। भोट दिनु भनेको नेतालाई सत्तामा पुऱ्याउनु मात्रै हो भन्ने उनीहरूमा परेको छ।'

रूपान्तरण, परिवर्तन र लोकतन्त्रका लागि भने पुराना दलको भूमिका रहेको डा. बरालको भनाइ छ। भने, 'राजनीतिक परिवर्तनमा उनीहरूको धेरै महत्वपूर्ण भूमिका छ। तर, पुराना दलहरूले जनमुखी काम गर्न नसक्दा जनतामा निराशा छायो।'

डा. अहिराज भने देशमा रोजगारी व्यवस्था गर्न नसक्दा ठूलो संख्यामा युवा बिदेसिनु परेको र यो अवस्थामा पुऱ्याउने पनि दलहरू नै भएको बताउँछन्। राजनीतिक विश्लेषक तथा प्रोफेसर सन्त सत्यनारायण आलोक दल र नेतृत्वले देशमा युवालाई आकर्षित गर्न नसकेको तर्क गर्छन्।

'वैदेशिक रोजगारीमा गएका युवाले नेताहरूलाई विल्कुलै विश्वास गर्दैन। उनीहरूलाई जोहो गर्न गाह्रो छ। पेट पाल्न कठिन छ। नेता भने सबै धनी भए,' उनले भने, 'सरिफ (इमान्दार) मान्छेहरू बिदेसिनु पऱ्यो। हाम्रो नेताहरू झूटको खेती गर्दा रहेछन् भनेर उनका परिवारहरू मतदान केन्द्रमा गएका छैनन्।' उनले नेताका विग्रहका कुराले जनताको मन भाँडिएको बताए। 'केन्द्रीय नेतृत्वको कुरा घरघरमा आयो। जनताले विश्वास गर्न छोडे। अन्तिममा सबैलाई हेरेपछि नयाँ मान्छेको खोजीमा मतदाता लागेको देखिन्छ,' उनले भने।

**दलहरू सु□न आवश्यक**

राजनीतिक दलले आफ्नो पुनर्विचार र पुनर्संरचना गर्न आवश्यक रहेको राजनीतिक विश्लेषकहरू बताउँछन्। स्थानीय तहको निर्वाचनको परिणामले पनि नसच्चिएपछि जनताले ठूला दल र नेतालाई सबक सिकाएको उनीहरूको भनाइ छ। विश्लेषकका अनुसार नेपाली जनता सचेत बनेका छन्। सत्ताको हात्तीमा चढाउन र तल झर्न जनता माहिर छन्। २०६४ सालमा माओवादीलाई ठूलो पार्टी बनाए। २०७० मा कांग्रेसलाई र २०७४ सालमा एमालेलाई। तर, उनीहरूले जनमुखी काम गर्न सकेनन्। त्यसकारण पनि जनताले नयाँपन खोजेका हुन्।

विश्लेषक डा.बराल अहिलेको परिणामले ठूला नेतालाई सबक सिकाएको बताउँछन्। डा. आचार्य ठूला दलहरू नसुध्रिए उनीहरूको अवस्था अझ कमजोर हुँदै जाने टिप्पणी गर्छन्। अर्का विश्लेषक चन्द्रकिशोरले जनता उत्साहित भएर मतदानमा नजाँदा दलहरूमा ठूलो दबाब परेको बताए। भने, 'दलहरूले बुझ्न अब जरुरी छ। दल र उनीहरूका क्रियाकलाप मजाले नियालिरहेका छन्। दलहरूले चुनावी रूपमा जिते पनि सरकार बनाएर सुध्रिएनन् भने हेर्नुहोला अढाई तीन वर्षमा एउटा नयाँ मुभमेन्टको सिर्जना हुन्छ। त्यसले सिस्टमलाई समस्या पार्नेछ।'

प्रोफेसर सन्त सत्यनारायण आलोक निराशा, झूटको राजनीति, गालीगलोज र बेइमानीको राजनीतिले नेपाली अनुहार विश्वभरि नै धमिलो भएको बताउँछन्। भन्छन्, 'जनताको समस्यामा ध्यान नदिएका कारणले नेतालाई मतदाताहरूले अप्ठ्यारोमा पारिदिएका छन्। नेताहरूबीच अन्तरद्वन्द्व जबसम्म चलिरहन्छ तबसम्म जनताले विश्वास गर्नेवाला छैनन्।'

पुराना दलप्रति जनता अब वाक्कदिक्क भएको उनी बताउँछन्। भने, 'कांग्रेसदेखि जनताहरू वाक्क दिक्क भइसकेका थिए। त्यसकै जगमा माओवादीको आन्दोलन सफल भयो। जनताले निराशाबाट आशा खोज्दाखोज्दै सबै जना प्रचण्ड र बाबुरामको पछाडि लागे। नेपालमा कम्युनिस्टको उदय भयो। उनीहरू पनि फुटे। त्यसपछि बनेको एमाले र माओवादीको वाम गठबन्धनलाई नागरिकले विश्वास गरे। तर, सबैको नतिजा उही आउँदा अब परिवर्तनले फड्को मारिरहेको छ।'

पछिल्लो समय नेताहरूको आरोप प्रत्यारोपले पनि जनतामा निराशा छाएको उनको भनाइ छ। 'यति ठूलाठूला गाली एउटा राष्ट्रिय नेताले अर्का नेतालाई दिन्छ कि गाउँको झगडाभन्दा पनि विशाल र विषालु बन्छ,' उनले भने, 'कोही यता जुट्ने कोही उता जुट्ने। नेताहरूले आफूलाई सजिलो ठाउँ खोज्दाखोज्दै राजनीतिक गोलचक्करमा फसे। जसले जनताको आशा पूरा भएन। यस कारणले पनि मतदाताहरू गत निर्वाचनभन्दा यो निर्वाचनमा मतदान गर्न उत्साहित भएनन्।'

उनले गरिबीको खाडल झनै गहिरिएर गएको बताए। 'धनी झन्झन् धनी भए। व्यापारीहरू सुरक्षित नै रहे। भ्रष्टाचारले आकाश छोयो। गरिब निमुखा जनताले केही पाएनन्, उनले भने। मुलुकमा राजनीतिक परिवर्तन धेरै भए पनि सामाजिक, आर्थिक र सांस्कृतिक रूपान्तरण हुन नसकेको उनको भनाइ छ। 'न देशमा सैद्धान्तिक विकास भयो न त भौतिक विकास र शान्ति नै फैलियो। बरु जनताहरूसँगै समस्याले आक्रान्त बने,' उनले भने, 'वैदेशिक सम्बन्ध पनि बिग्रियो। कोही चीनतिर ढल्किन्छ त कोही भारततिर मोडिन्छ। यिनीहरूले नै युवाहरूलाई गुट बनाउन सिकायो। भ्रष्टाचार गर्न सिकायो। फुटाउन सिकायो।'

**हराउँदै निष्ठाको राजनीति**

राजनीतिक दलमा कुनै बेला निष्ठा र आदर्श हुन्थ्यो। निष्ठाको राजनीति भनेर चर्चा चल्थ्यो। पार्टीप्रति कार्यकर्ता पूर्ण बफादार हुन्थे। तर, पछिल्लो समयमा मौलाएको गठबन्धन संस्कृतिले दलहरूभित्र पार्टीप्रतिको प्रतिबद्धतामा अवमूल्यन हुँदै गएको छ। कुनै बेला कांग्रेसले कम्युनिस्टलाई भोट हाल्नु भनेको आत्मदाह जस्तै ठान्थे। कम्युनिस्टको मत अझ प्रतिबद्ध हुन्छ भन्ने थियो। तर, गठबन्धनका कारण मेरो पार्टी र मेरो सिद्धान्त भन्ने हराएको बताउँछन् दलहरूको क्रियाकलापलाई नजिकबाट नियालिरहेका विश्लेषक डा. अहिराज।

व्यक्तिवादी प्रवृतिका कारण राजनीतिक संस्कार र मूल्य मान्यतामा विचलन आएको अर्का विश्लेषक डा. आचार्यको तर्क छ। गठबन्धनको प्रवृत्तिको कारण राजनीतिक संस्कार र मूल्यमान्यतामा नै ब्रेक लागेको उनी बताउँछन्। उनले यस पटकको चुनावले परिवर्तनको आँधी आउनुअघिको संकेत गरेको बताए।

डा. अहिराजले दलहरूमा सैद्धान्तिक विचलन आएको तर्क गरे। 'दलहरू सिद्धान्तमा रहेनन् अब। कम्युनिस्ट कांग्रेससँग मिल्यो। कांग्रेस राप्रपासँग मिलेको छ। राप्रपाले मधेसीसँग गठबन्धन गर्न सक्छ', उनले भने, 'जनताको नजरमा नेताहरूको वैधानिकता कायम रह्यो। तर, उनीहरूले सामाजिक स्वीकृत गुमाए। अब जनतालाई कुनै दलमाथि विश्वास रहेन।'

# ३२ वर्षपछि विश्वकपको पहिलो खेलमा हार्‍यो अर्जेन्टिना



एजेन्सी । पहिलो हाफमा लिएको १-० को अग्रता जोगाउन नसक्दा अर्जेन्टिना ३२ वर्षपछि विश्वकपको पहिलो खेलमा पराजित भएको छ। लुसेल रंगशालामा १०औं मिनेटमा लियोनेल मेसीले गोल गर्दै दक्षिण अमेरिकी महारथीलाई अग्रता दिलाएका थिए।

सोही गोलमार्फत पहिलो हाफमा १-० को अग्रता बनाएको अर्जेन्टिनाले दोस्रो हाफमा दुई गोल खायो। दास्रो हाफमा आक्रामक शैलीमा मैदानमा उत्रिएको साउदीका लागि लागि ४८औं मिनेटमा सले अलशेहेरीले बराबरी गोल फर्काएका थिए।

त्यसको पाँच मिनेट नबित्दै सलिम अलदावसरीले गरेको गोलसँगै मध्यपूर्वी मुलुकले २-१ को अग्रता बनाएको थियो।

सोही अग्रताको सहज बचाउ गर्दै साउदी अरबले ऐतिहासिक जित हासिल गर्यो। अर्जेन्टिना २८ वर्षअघि सन् १९९० मा इटालीमा भएको विश्वकपमा क्यामरुनसँग पहिलो खेलमै पराजति भएको थियो।

साउदी अरबले भने हालसम्म विश्वकपमा सबैभन्दा ठूला टिमविरुद्ध जित हासिल गरेको छ। यसअघि सन् १९९४ मा अमेरिकामा भएको विश्वकपको समूह चरणमै युरोपेली प्रतिद्वन्द्वी बेल्जियमलाई १-० गोलको नतिजामा पराजित गरेको थियो।

अर्जेन्टिना पहिलो हाफमा गरेका तीन गोल अफसाइडका कारण रद्द हुँदा दुर्भाग्यशाली साबित भयो। अर्जेन्टिनाले साउदीको पोस्टमा गरेका १५ मध्ये ६ वटा प्रहार फ्रेममा परेका थिए।

यद्यपि, दोस्रो हाफमा सन्तुलित डिफेन्सको उत्कृष्ट नमुना देखाएको साउदीले कुनै पनि प्रयास सफल हुन दिएन।

प्रशिक्षक रेनार्डको सफलता

फेन्च प्रशिक्षक हर्भ रेनार्डसँग अविश्वसनीय नतिजा निकालेको अनुभव छ।

रेनार्डले सन् २०१२ मा जाम्बियालाई अफ्रिका कप अफ नेसन्स च्याम्पियन बनाएर तहल्का मच्चाएका थिए। त्यति मात्रै होइन, सन् २०१५ मा आइभरी कोस्टलाई पनि अफ्रिकी च्याम्पियन बनाएका रेनार्ड दुई टिमबाट अफ्रिका कप अफ नेसन्स जित्ने पहिलो प्रशिक्षक बनेका थिए। सन् २०१८ मा मोरक्कोको नेतृत्व गरेका रेनार्डले फेरि एकपटक जादुमयी नतिजाको अपेक्षासहित साउदीको प्रशिक्षण सम्हालेका हुन्।

'हामीसामु कठिन खेल छन्। तर, प्रशिक्षक र खेलाडीले विश्वकपमा छनोट हुने सपना राख्नु भनेको उत्कृष्ट टिम सामू आफूलाई उभ्याउनु हो', रेनार्डले खेलअघि भनेका थिए, 'बलिया टिमहरू विश्वकप जित्ने लक्ष्यसहित मैदानमा उत्रिन्छन् र निरास हुन्छन्। साना टिम अप्रत्यासित नतिजामा निर्भर हुन्छन् र हुनुपर्छ पनि।'

# बिर्तामोडमा राष्ट्रिय लेडी एकाडेमी हुँदै




बिर्तामोड,मंसिर ६ । वीरता लेडी जेसीजको आतिथ्यमा यही मंसिर ९ र १० गते बिर्तामोडमा १५ औं राष्ट्रिय लेडी एकाडेमी हुने भएको छ । महिला सशक्तिकरणका लागि देशभरिका लेडी शाखाहरुलाई भेला गराएर नेपाल जेसीजको आयोजनामा राष्ट्रिय कार्यक्रम यो वर्ष झापामा गर्न लागिएको हो । सो कार्यक्रम प्रत्येक वर्ष आयोजना गरिदैं आएको छ । बिर्तामोडमा आयोजना गरिने कार्यक्रममा पूर्व बाहुनडाँगीदेखि पश्चिम महेन्द्रनगरसम्म नेपालभरिका १९ वटा महिला शाखाका करिव सय महिला जेसीहरुको सहभागिता रहने मंगलवार बिर्तामोडमा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो ।पत्रकार सम्मेलनमा बोल्दै नेपाल जेसीजका निरुपित राष्ट्रिय उपाध्यक्ष कुमारसिंह साँवाले नेपाल जेसीजको अभिन्न अंगको रुपमा रहेको वीरता लेडी जेसीजले आफूहरुले सोचेभन्दा उत्कृष्ट कार्यक्रम गर्ने विश्वास व्यक्त गरे । उनले सन् २०१४ मा जेसीज क्षेत्र 'क' सम्मेलन , २०१७ मा राष्ट्रिय प्रशिक्षक प्रशिक्षणजस्ता कार्यक्रम सफल रुपमा गरेर वीरता लेडी जेसीज उत्कृष्ट शाखाको रुपमा पुरस्कृत भइसकेको जानकारी दिए । दुई दिवसीय कार्यक्रमको उद्घाटन राष्ट्रिय सभा सदस्य तथा बीरता जेसीजका संस्थापक अध्यक्ष गोपालकुमार बस्नेतले गर्ने वीरता लेडी जेसीजकी अध्यक्ष संगीता चिमरियाले जानकारी दिइन् । महिला सशक्तिकरण र उद्यमशीलता, जेसीज पहिचानसम्वन्धी तालिम प्रदान गरिने निवर्तमान अध्यक्ष स्वस्तिका आचार्यले बताइन् । तालिममा भोलेश्वर दुलाल र उषा मल्ल सिंहले सहजीकरण गर्ने उनले जानकारी दिइन् । तालिममा आउने सहभागीहरुलाई झापाका विभिन्न धार्मिक तथा पर्यटकीय स्थलको भ्रमण गराइने, झापाको पहिचानका रुपमा रहेको भक्का परिकार खुवाउने जनाइएको छ । कार्यक्रममा नेपाल जेसीजका राष्ट्रिय अध्यक्ष लालमणि भण्डारीसहित सम्पूर्ण राष्ट्रिय पदाधिकारीहरुको सहभागिता रहने बताइएको छ । राष्ट्रिय लेडी एकाडेमी वीरता लेडी जेसीजको लागि अवसर भएको एकाडेमिक डाइरेक्टर कंचना सिटौलाले बताइन् । कार्यक्रमको संचालन महासचिव युनिता दवाडीले गरेकी थिइन् ।

## झापाबाट...

प्रतिशत मतगणना भएको मुख्य निर्वाचन अधिकृत कार्यालयका सहायक निर्वाचन अधिकृत वीरेन्द्र बस्नेतले जानकारी दिए।

झापामा ६ लाख ६३ हजार ३११ मतदाता रहेकोमा ४ लाख ४६ हजार २५५ मत खसेको छ। प्रतिशतको हिसाबले ६७.२७ मत खसेको हो।

झापा १ मा १ लाख २० हजार ३७५ मत रहेकोमा ८७ हजार ३९६, झापा २ मा १ लाख ३४ हजार ९१ मत रहेकोमा ८७ हजार ७२३, झापा ३ मा १ लाख ३१ हजार ४३२ मत रहेकोमा ८९ हजार ७३७, झापा ४ मा १ लाख २३ हजार १२४ मत रहेकोमा ७९ हजार ३४९ र झापा ५ मा १ लाख ५४ हजार २८९ मत रहेकोमा १ लाख २ हजार १५० मत खसेको जिल्ला निर्वाचन कार्यालय झापाले जनाएको छ।

अहिले पाँचै क्षेत्रमा जनशक्ति खटाएर मतगणना छिटोछरितो बनाइएको छ। यही रफ्तारले गणना गरिएमा बुधवार बेलुका वा बिहीबार बिहानसम्म प्रत्यक्षतर्फको सबै परिणाम आइसक्ने उनले बताए।

पछिल्लो मत परिणाम अनुसार नेकपा एमाले तीन क्षेत्रमा, कांग्रेस र राप्रपा एक/एक क्षेत्रमा अगाडि छ।


बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा
( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।



उत्पादन बढाऔं र मितव्ययी बनौं

- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं।
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं।
- आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं।
- विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरुत्साहित गरौं।
- अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail.com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

### सुध्रिएर जाऊ

मन बदलौं मत बदलौं भन्ने नारा निर्वाचनमा दिइएको थियो। यसको अर्थ थियो परिवर्तन। आगामी पाँच वर्षका लागि आफ्ना लागि 'शासन गर्नेहरूलाई आफैं छान्ने' काम अब सकिएको छ। अबका केही दिनभित्र आउने निर्वाचन परिणामले जे सन्देश दिन्छ, त्यसलाई स्वीकारेर आगामी पाँच वर्ष बहुमत प्राप्त दलले निर्वाध रूपमा मुलुक हाँक्न सक्नुपर्छ। पाँच वर्षलाई जनताले दिएको अभिमतका आधारमा सत्तामा र प्रतिपक्षमा बस्ने धैर्यता सबैले गर्नैपर्छ। अनावश्यक सत्ता गठजोडका कारण जनमत नै उपेक्षा गर्ने गरी विगतमा जस्तो सरकार बनाउने र भत्काउने दुष्प्रयास आगतमा हुनुहुँदैन।

तब मात्र हालै सम्पन्न निर्वाचनले सार्थकता पाउनेछ। फेरि टालाटुली समेलेर पुतली बनाउने प्रयास कुनै पनि राजनीतिक दलले गर्नुहुँदैन। जनमतको उपेक्षा कुनै पनि मूल्यमा राम्रो मानिँदैन। यसो गर्दा त व्यवस्थाकै विरुद्ध जनमत सिर्जना हुन सक्छ। सत्ता समीकरणका लागि पुनः विगतकै प्रवृत्ति पुनरावृत्ति भएमा त्यो आममतदाताको भावनाको प्रतिकूल ठहरिनेछ। प्रतिनिधिसभाको असमायिक विघटनको प्रयास पनि हालै सम्पन्न निर्वाचन परिणामको विरुद्ध हुनेछ। अबको प्रतिनिधिसभाले बिनाविवाद पाँचवर्षे कार्यकाल व्यवस्थित गर्न पाउनुपर्छ। मतदान प्रक्रियाबाट जनताले दिएको अभिमत, जो आज भोलिमा थाहा भइसक्नेछ त्यसलाई सम्मान गर्नु आजको पहिलो कर्तव्य र सबै राजनीतिक दलको मुख्य दायित्व हो। त्यसैले नागरिक मनोकांक्षालाई सम्मान गर्नबाट दल चुक्न पाइने छैन। मतपरिणामले निर्देश गरेअनुसार सत्ता र प्रतिपक्षी दुवै दल आगामी पाँच वर्षे कार्यकालसम्म अविचलित रहन सकेमा मात्र लोकतन्त्रको मर्मले साकार रूप पाउनेछ।

अहिलेसम्म केही भएन भन्ने निराशाका माझ पनि, उम्मेदवारका नाम र रैथानै राजनीतिक दललाई मतदाताले नकार्न सकेनन्। राजनीतिक दलमा देखिएको विचलनका कारण उब्जेको वितृष्णाको परिणाम केही स्वतन्त्र पनि देखिए। तर, राजनीतिक दलको विकल्प सुधारिएको दल हुन सक्ला स्वतन्त्र उम्मेद्वार हुन सक्दैनन्। राजनीतिक दलप्रतिको वितृष्णाको उपज भने यी स्वतन्त्र अवश्य हुन् तर दलकै पर्याय होइनन्। यसकारण अब आउने मतपरिणामको सम्मान गर्दै आगामी कार्यकालमा सुध्रिएर जानुको विकल्प कुनै पनि राजनीतिक दलसँग छैन।


Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com


# स्थानीय तहमा वित्तीय सुशासन



• गोपीनाथ मैनाली

शक्ति र साधन अभ्यासलाई जनस्तरमा पुऱ्याई स्थानीय आवश्यकता त्यहीँबाट पूरा गर्न विकेन्द्रीकरणले अघिल्लो शताब्दीबाट महत्व पाउँदै आयो। संघीय शासन पद्धतिले विकेन्द्रीकरणलाई उच्चतम स्तरमा अभ्यास गर्न रणनीतिक दर्शन लिने गर्छ। संघीयताको सुन्दर पक्ष नै शासकीय तहहरूको निर्माण गरी सार्वभौम शक्तिको निक्षेपण हो। स्थानीय सरकारले निक्षेपित शक्तिको अभ्यासमार्फत लोकतन्त्रलाई कार्यमूलक बनाउँछ। स्थानीय सरकार लोकतन्त्रको कार्यात्मक संयन्त्र हो, उसैसँग भूगोल, जनसंख्या छ र त्यो भूगोल र जनसंख्यासँग नजिकमा रहेर काम गर्ने अवसर छ। स्थानीय सरकारको प्रभावकारिताको मुख्य आयाम उनीहरूले अभ्यास गर्ने वित्तीय साधनको जवाफदेहितामा निर्भर गर्छ। साथै संघीयताको सफलता स्थानीय तहहरूले अभ्यास गरेको वित्तीय साधनको अनुशासनमा निर्भर गर्छ। वित्तीय अनुशासनका धेरै आयाम छन्। बजेट निर्माण, योजना तर्जुमा, कार्यक्रमका लागि विनियोजनका आधार तय, खर्च व्यवस्थापन, कार्यक्रम अनुगमन तथा समीक्षा र लेखा परीक्षण सार्वजनिक वित्त व्यवस्थापनका तत्व हुन्। संविधान निक्षेपित अधिकारमा स्थानीय सरकारले स्रोतसाधनको व्यवस्थापन, निर्णय, नियन्त्रण र स्वयं जवाफदेहिताको अभ्यास गर्न थालेको पाँच वर्ष भयो। यसबीच ७५३ पालिकाको अद्यावधिक बेरुजु एक खर्ब ३५ अर्ब पुगेको छ। महालेखापरीक्षकको ५९औँ वार्षिक प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७७/७८ मा कायम कुल बेरुजु ११५ अर्बमध्ये ४३ अर्ब ९१ करोड स्थानीय तहको हो। यो रकम लेखापरीक्षण भएको अंकको ४.१८ प्रतिशत हो। बेरुजु रकममध्ये असुल गर्नुपर्ने रकमको हिस्सा बढ्दै छ। हुन त बेरुजु मात्र वित्तीय अनुशासनको सूचक होइन, योजनाको सान्दर्भिकता, प्राथमिकता निरुपण, खर्चको गुणस्तर, सेवा व्यवस्थापनमा नागरिक भावनाको सम्बोधन, निर्णयको पारदर्शिता, वित्तीय कारोबारमा नागरिक संलग्नताजस्ता आधारबाट वित्तीय अनुशासन र जवाफदेहिताको समग्र मूल्यांकन गर्न सकिन्छ। तर, पनि बेरुजु समग्र वित्तीय अनुशासनको सामान्य सूचक हो। महालेखापरीक्षकले संवैधानिक शक्ति र लेखापरीक्षणका मान्य सिद्धान्तका आधारमा वित्तीय लेखापरीक्षण, परिपालनको लेखापरीक्षण, कार्यमूलक लेखापरीक्षण र विशेष लेखापरीक्षण गरी देखिएका बेहोरा परीक्षण गरिएको निकायमा प्रस्तुत गर्छ। औँल्याइएको बेहोरा र दिइएको सुझाव कार्यान्वयन गर्नु स्थानीय सरकारको दायित्व हो।

स्थानीय सरकार वित्तीय अनुशासन कायम गर्न कमजोर देखिएका छन्। लेखापरीक्षण प्रतिवेदनअनुसार स्थानीय सरकारहरूले घटी जिम्मेवारी सारेको, बैंक हिसाब मिलान गर्न नसकेको, बजेटलाई अबन्डामा राख्ने गरेको, अन्तरपरिषद् समन्वय नगरेको, उपभोक्ता समितिबाट सम्पादन गरिएका काममा ठेकेदारलाई उपयोग गरिएको र वित्तीय कारोबारसम्बन्धी निर्णय गर्दा अवलम्बन गर्नुपर्ने विधि नअपनाएको देखिएको छ। मधेश प्रदेशका चार र बागमती प्रदशको एक पालिकाले २०७५/७६ को लेखापरीक्षण बक्यौताको पनि लेखापरीक्षण गराएका छैनन्। साथै मधेश प्रदेशका दुई पालिकाले २०७३/७४ को स्रेस्ता पेस गराई लेखापरीक्षण गर्ने काम नै गरेका छैनन्। गत वर्ष मधेश प्रदेशका केही पालिकामा विनियोजनको ३८ प्रतिशतसम्म बेरुजु देखिएको छ। यसले वित्तीय अनुशासनमा व्यापक सुधारको आवश्यकता देखाएको छ। गत वर्षको वालिङ र यस वर्ष मालारानीलगायतका पालिकाले आर्थिक अनुशासनमा उदाहरणीयता देखाएका छन्। धेरै पालिका वित्तीय व्यवस्थापनमा कमजोर छन्।

कमजोर वित्तीय अनुशासन किन देखियो भन्नेतर्फ विवेचना गरौं। पालिकाहरूमा प्रणाली बसिसकेको छैन, क्षमता विकास भइसकेको छैन। धेरैजसो पालिकामा बजेट तथा कार्यक्रम तर्जुमा, खर्च व्यवस्थापन र प्रतिवेदन एवं समीक्षाको परिपाटी संस्थागत भइसकेको छैन। निर्वाचित पदाधिकारीमा केही गर्ने चाहना भए पनि त्यसलाई विधिसंगत प्रक्रियामा कसरी लैजाने भन्ने पक्षमा गृहकार्य हुने गरेको छैन। केही पालिका कानुनले तोकेको अवधिमा बजेट प्रस्तुत गर्ने तत्परता पनि देखाएनन्। समयमा बजेट पेस नगर्ने पालिकाको सङ्ख्या विगत तीन वर्षमा लगातार बढेर गएको छ। वार्षिक बजेट तथा कार्यक्रम पनि प्रस्तुत गर्न नसक्नु सरकारको हैसियतमा रहेका पालिकाका लागि लज्जाको विषय हो। बजेट कार्यक्रम पारित हुनेबित्तिकै कार्यक्रम कार्यान्वयन तालिका बनाउने र सोअनुरूप काम भए नभएको समीक्षा गर्ने, काम हुन नसकेको अवस्थामा कारण पहिचान गरी सहजीकरण गर्ने बानी विकास भइसकेको छैन। साथै आर्थिक अनुशासन गिर्दै जानुमा खरिद व्यवस्था र आन्तरिक नियन्त्रण प्रणालीमा कमजोरी पनि देखिएको छ। आन्तरिक लेखापरीक्षण पनि संस्थागत छैन। पालिकाको कार्यकारी अधिकार कार्यपालिकामा हुने र कार्यपालिका प्रमुखले उचित सावधानी नराख्ने वा आग्रहमा कार्यसम्पादन गर्ने अवस्था रहँदा पनि समयमा कार्यक्रम कार्यान्वयन हुन सक्दैन। गत आर्थिक वर्षमा पालिकाहरूको वार्षिक विनियोजनको ८१.६ प्रतिशत मात्र खर्च भयो, खर्च रकममा पुँजीगत विनियोजनको हिस्सा कम छ। संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरणबाहेकका अनुदान समयमा कार्यक्रम कार्यान्वयन नभएकाले सङ्घीय कोषमै फर्किने गरेको छ। बजेट र आवधिक योजनाबीचको नीति आबद्धता कायम गर्न र स्रोतको अनुमान योग्यताका लागि तर्जुमा गर्नुपर्ने मध्यकालीन खर्च संरचना पनि औपचारिकतामा छन्। यसो हुनु पछिको एउटा कारण योजना शिक्षा र अभिमुखीकरणको अभाव पनि हो। महालेखा नियन्त्रक कार्यालयबाट सूत्र प्रणालीका लागि दिएको तालिमजस्तै बजेट व्यवस्थापनका अन्य पक्षमा पनि सङ्घीय तहबाट क्षमता विकास गर्नुपर्छ। सङ्घीयता कार्यान्वयनका सुरुका वर्षमा क्षमता विकास, योजना तथा नीति शिक्षामार्फत प्रणाली विकासमा सहयोग गर्नु संघको दायित्व हो। संविधानतः र सैद्धान्तिक रूपमा स्थानीय सरकारकारहरू सुशासन र जवाफदेहिताका केन्द्र हुन्। संघ तथा प्रदेशभन्दा स्थानीय तह स्थानीय वास्तविकतासँग परिचित रहन्छन्। स्थानीय आवश्यकताको पहिचान गर्न सक्षम हुन्छन्। स्थानीय सम्भावनाको पहिचानमा कुशाग्र हुन्छन्। स्रोतसाधनको प्राथमिकीकरण गर्न सक्छन्। स्थानीय सेवाग्राहीको भावना जितेर उनीहरूसँगै सहकार्य गर्न सक्छन्। सम्पादित कामको नतिजा मूल्यांकनका लागि नागरिक विवेचना प्रणाली पनि त्यही छ। स्थानीय तहहरू लोकतन्त्रलाई जनजीवनसम्म पुऱ्याउने, लोकतन्त्रका अवसर जनस्तरमा पुऱ्याउने संरचना हुन्। त्यसैले स्थानीय तह जवाफदेहिताका केन्द्र हुन्। साथै राष्ट्रिय भावना र प्राथमिकतालाई स्थानीयकरण गर्ने संयन्त्र पनि यिनै हुन्। स्थानीय सरकारले प्रभावकारी कार्यसम्पादन गर्न सक्दा संघ तथा प्रदेशलाई नियन्त्रण र सन्तुलनमा ल्याउन सक्छन्। परिणामतः संघीय शासन प्रणाली दरिलो बन्न सक्छ। स्थानीय तह जति दरिलो हुन सक्यो, संघीयताको जग त्यति नै बलियो हुन्छ। निर्वाचित जनप्रतिनिधि आफ्नो भूमिकाप्रति जति जागरुक र इमानदार हुन्छन्, त्यसैको सापेक्षमा स्थानीय तह नागरिक विश्वास जित्न सक्छन्। स्थानीय सरकारलाई वित्तीय रूपमा सबल बनाउन निर्वाचित पदाधिकारीले विशेष ध्यान दिनुपर्ने अवस्था छ। स्थानीय स्रोत साधन र तथ्यांकको व्यवस्थापनबाट वित्तीय व्यवस्थापनको जग बसाउने कामको सुरुवात गर्नुपर्छ। आफ्नो कार्य क्षेत्रमा के कस्ता प्राकृतिक तथा आय स्रोतका सम्भावना उपलब्ध छन्, तिनीहरूको सांख्यिकीय चित्र (रिर्सोस म्यापिङ) तयार गरेपछि आवश्यकता र स्रोतको संयोजन गर्न सजिलो हुन्छ। स्थानीय तहहरू भौतिक संरचना निर्माणमा उत्साहित छन्। पालिकाका लागि यस्तो भौतिक संरचना कति आवश्यक हो, सो निर्धारण र स्रोतको प्राथमिकीकरण गर्न पनि तथ्यांकीय आधारले सघाउँछ।

पालिकाहरू आफ्ना नागरिकबाट कर उठाउन हच्किरहेका छन्, सम्पत्ति कर र अन्य कर तथा शुल्क परिचालनमा ध्यान दिइएको छैन। यी कर परिचालनमा दक्षता देखाएपछि बजेट तर्जुमालाई वास्तविक बनाउने, बजेट व्यवस्थापनका चरणमा स्थानीय लाभग्राहीलाई समावेश गराउने कार्यमार्फत पालिका विश्वासिला र जवाफदेही बन्न सक्छन्। स्थानीय पदाधिकारी उचित कानुनी प्रक्रियाप्रति निकै संवेदनशील रहनुपर्छ। आवधिक रूपमा आय-व्यय तथा सम्पादित कामलाई नागरिक जानकारीमा ल्याउने प्रक्रिया निकै आवश्यक छ। धेरैजसो लोकतान्त्रिक मुलुकका स्थानीय सरकार बजेट प्रक्रियाका चरणमा लाभग्राहीलाई संलग्न गराउने र सूचना पारदर्शिताका माध्यमबाट नागरिक बजेट व्यवस्थापन गरिरहेका छन्। यसले वित्तीय प्रक्रियामा नागरिक विवेचनालाई संस्थागत गरी सुशासन अभिवृद्धि गर्न सघाउ पुऱ्याउँछ। अर्को महत्वपूर्ण अग्रसरता देखाउनुपर्ने कार्य लेखापरीक्षणमा नागरिक संलग्नता हो। आर्थिक वर्ष भुक्तानपछि महालेखापरीक्षकको कार्यालयका तर्फबाट अन्तिम लेखापरीक्षण गरी प्रतिवेदन प्राप्त भएपछि औँल्याइएका विषयलाई सम्बोधन गर्न स्थानीय नागरिकका तर्फबाट विज्ञहरूलाई समावेश गर्दा नियन्त्रण र सन्तुलन एवं विश्वसनीयता प्रवर्द्धन हुन्छ। किनकि स्थानीय तहमा बजेट तर्जुमा गर्ने, पारित गर्ने, खर्च गर्ने र लेखापरीक्षणबाट औँल्याएका बेरुजु फर्स्योट गर्ने काम कार्यपालिकाबाट नै हुन्छ, संघ तथा प्रदेशमा जस्तो अन्य संरचना र निगरानीका लागि लेखा समितिको व्यवस्था छैन। साहसिलो नेतृत्वले कार्यभार सम्हाल्दा र निश्चित अन्तरालमा फ्लास रिपोर्ट आफ्ना निर्वाचकसमक्ष प्रस्तुत गर्नसक्छ। पहिलो कार्यावधि जेजसरी बिते पनि दोस्रो अवधिले स्थानीय सरकार संविधानको आसय, सैद्धान्तिक मान्यता र जनआन्दोलनको भावनाअनुरूप जवाफदेहिताका केन्द्रका रूपमा आफूलाई स्थापित गर्न पछि पर्नुहुन्न।

# अर्थतन्त्रप्रतिको बढ्दो चिन्ता



• शंकरमान सिंह

मंसिर ४ गते भएको प्रतिनिधि तथा प्रदेश सभा निर्वाचनमा लाखौँ नेपालीले मतदान गरे। धेरै हदसम्म शान्तिपूर्ण रहेको निर्वाचनले हिमालयन राष्ट्रको लोकतान्त्रिक सक्रमणको अन्त्य गर्दै बलियो सरकारले दिने अपेक्षा गरिएको छ। नयाँ संविधान निर्माणपश्चात् यो दोस्रो संसदीय निर्वाचन हो। नयाँ संविधान खुला र लचिलो दस्तावेज हो। भविष्यमा संशोधनका लागि प्रशस्त ठाउँ पनि प्रदान गरेको छ। महिला र सीमान्तकृत वर्गका लागि आरक्षण भए पनि उनीहरूलाई टिकट दिन राजनीतिज्ञहरू आनाकानी गर्छन्। प्रत्यक्ष निर्वाचनमा महिलालाई कम उम्मेदवार बनाइयो। यसले राजनीतिक वर्गको पितृसत्तात्मक मानसिकता झल्काउँछ। निर्वाचनको परिणामको प्रतीक्षामा छौँ हामी यतिबेला। केही दिनमा परिणाम सार्वजनिक भई नयाँ सरकार बन्नेछ। सन् २०३० सम्ममा विकासशील राष्ट्रको दाँजोमा पुग्ने हाम्रो लक्ष्य छ। यसका लागि आर्थिक विकासमा फट्को मार्नुपर्नेछ। अब बन्न सरकारले आर्थिक विकासलाई प्राथमिकतामा राख्नुपर्छ। सफल हुन नेपालले थप 'राम्रो' रोजगारी सिर्जना गर्नुपर्नेछ। रोजगारीका लागि विदेश पलायन हुने युवालाई रोक्न विशेष सम्बोधन गर्नुपर्नेछ। नयाँ गठन हुने सरकारले रोजगारी सिर्जना गर्न मात्र होइन (पार्टी घोषणापत्रमा देखाएको प्राथमिकता) युवाको कामप्रतिको अपेक्षालाई सम्बोधन गर्न पनि काम गर्नुपर्छ। सरकारले उनीहरूलाई स्वदेशमै काम गरेर नेपालको विकासमा योगदान दिन प्रोत्साहित गर्नुपर्छ।

उच्च रेमिट्यान्सले अस्तव्यस्त अर्थतन्त्रलाई ढाकिरहेको छ। अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आईएलओ)ले भर्खरै गरेको अध्ययनले नेपालमा युवाको शिक्षा र सीपमा सुधार भइरहेकाले उनीहरूलाई 'सबैभन्दा शिक्षित पुस्ता' बनाएको देखाएको छ। तैपनि नयाँ सर्वेक्षणले धेरै रोजगारदाताले दक्ष कामदार खोज्न संघर्ष गरिरहेको पाइएको छ। विदेशमा कमाएको र स्वदेश फिर्ता पठाइने पैसा प्रायः अल्पकालीन उपभोगका लागि मात्र प्रयोग गरिन्छ। समृद्ध अर्थतन्त्रमा योगदान पुऱ्याउने ठूलो उत्पादक घरेलु जनशक्तिको गुणक प्रभाव हराइरहेको छ। हालको उच्च कुल गार्हस्थ्य उत्पादन (जीडीपी) वृद्धिदर विगत सात वर्षमा ३ र ७ प्रतिशतको बीचमा छ। जुन रेमिट्यान्सद्वारा सञ्चालित छ, यो कुल गार्हस्थ्य उत्पादनको लगभग ३० प्रतिशत हो। नेपालमा युवा श्रमिक राख्न सांस्कृतिक परिवर्तन आवश्यक छ। नेपालमा विभिन्न सांस्कृतिक कारणले गर्दा स्वदेशमा काम गर्नुभन्दा विदेशमा काम गर्नु प्रतिष्ठित मानिने सामाजिक मान्यता हो। यो विकासमा एक साझा ग्रामीण-सहरी मुद्दा हो (ग्रामीण गाउँमा आधारित कामभन्दा सहरी-आधारित रोजगारीलाई प्राथमिकता दिइन्छ) तर नेपालमा, सबै सामाजिक-आर्थिक पृष्ठभूमिमा वैदेशिक रोजगार र शिक्षाका लागि यस प्रकारको प्राथमिकता रिपोर्ट गरिएको छ। नेपालका युवा पनि पहिलेको भन्दा राम्रो शिक्षित र विश्वव्यापी रूपमा जोडिएका छन्। धनी देशहरूले पर्याप्त र सजिलै पहुँचयोग्य उच्च तलबको रोजगारीका अवसर उपलब्ध गराउँदै आएकाले नेपालले युवाको अपेक्षालाई बेवास्ता गर्ने नतिजालाई सम्बोधन गर्नुपर्छ। समावेशी रोजगारी सिर्जनाबाट युवालाई फाइदा हुनेछ।

नेपालमा रोजगारीमा समावेशीको बहस प्रायः महिला वा दलितजस्ता सीमान्तकृत जातिमा केन्द्रित भएको छ। युवालाई सामान्यतया सीमान्तकृत समूहको रूपमा लिइँदैन किनभने यस सन्दर्भमा तिनीहरू छैनन् र फलस्वरूप श्रमशक्तिमा उनीहरूको सहभागितासम्बन्धी छलफल प्रायः सीमित हुन्छ। तैपनि कम सीपयुक्त रोजगारीका लागि युवाको बढ्दो बसाइसँगै श्रममा कमीको रिपोर्ट गरिएको नेपालको असामान्य स्थितिले उनीहरूका आवश्यकतालाई यस बहसमा समावेश गर्नुपर्छ भन्ने देखाउँछ। घोषणापत्रका प्रतिज्ञा सायद अत्यधिक आशावादी छन्। सरकारले आशाजनक क्षेत्रलाई प्राथमिकता दिनुपर्छ र मन्त्रालयहरूसँग समन्वय गर्न प्रयास गर्नुपर्छ। अहिलेसम्मको निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ। सफल बन्न चाहने पार्टीले निर्वाचनमा रूपान्तरण गर्न खोज्नुपर्छ। राजनीतिक पार्टीले आर्थिक सुशासनको मुद्दा उठाउने, युवाको आकांक्षालाई सम्बोधन गर्ने, उद्यमशीलता प्रवर्द्धन गर्ने र पाँच वर्षमा राष्ट्रिय विकासको स्पष्ट रूपरेखा ल्याउने अपेक्षा गरिएको छ। जलवायु परिवर्तन र प्राकृतिक स्रोतहरूको उपयोगजस्ता केही उदीयमान र दबाबपूर्ण मुद्दा घोषणापत्रका अन्य मुख्य विशेषता हुन्। डिजिटलाइजेसन र सूचना तथा सञ्चार र उद्यमशीलतालाई पनि प्राथमिकतामा राख्नुपर्नेछ। विगतमा नेपाली कांग्रेस समाजवाद, किसान, भूमिहीन, बेरोजगारी र आर्थिक वृद्धि कसरी बढाउने भन्ने विषयमा केन्द्रित थियो। नेपाली समाज, अर्थतन्त्र र राजनीतिले नयाँ चुनौती सामना गरिरहेको छ। अघिल्लो घोषणापत्रमा उल्लेख विषय छाड्ने र यस दस्तावेजअनुसार नयाँ दिशा तय गर्ने निर्णय गर्नुपर्ने बाध्यता छ। प्रायः घोषणापत्रलाई 'सपना, विचार र अपूरा वाचाहरूको बन्डल' भनिन्छ। चुनावी प्रचकारका क्रममा विगतका घोषणापत्र र भाषणको प्रकृति हेर्दा यी नयाँ चुनावी समयका दस्तावेज भव्यताका साथ व्यक्त गरिएका उदात्त आदर्शको लामो सूची मात्र बन्ने हो कि होइन भन्ने प्रश्न उठ्नु स्वाभाविक हो। कर्तव्य र जिम्मेवारी शब्दकोषमा पर्यायवाची छन् तर व्यवहारमा छैनन्। तिनीहरू विपरीत देखिन्छन्। कर्तव्य भनेको 'अन्य उन्मुख' हुन्छन्। जिम्मेवारी 'आत्म उन्मुख' हो। आगामी निर्वाचनमा यो कुरालाई ध्यानमा राख्नुपर्छ। नेपालकै सन्दर्भमा हेर्ने हो भने आर्थिक विकास सँगसँगै जनतामा राजनीति र निर्वाचनप्रति चासो कम हुँदै गएको देखिन्छ। यसले गर्दा निर्वाचनमा भोट कम खस्ने गरेको छ। निर्वाचन जनताको सरल र सहज पहुँच हुने भए मतदाताको संख्या बढ्छ। सोचेअनुसार मतदान नहुनेले यसैको संकेत गर्छ। देशभर एकै चरणमा सम्पन्न प्रतिनिधि तथा प्रदेश सभा निर्वाचनलाई उत्साहपूर्वक हेरिरहेको निजी क्षेत्र आर्थिक मुद्दालाई प्राथमिकता दिने सरकारको पर्खाइमा छ। अर्थतन्त्रको चक्रलाई पूर्ण रूपले चलायमान बनाई देशमै रोजगारी र लगानीको वातावरण बनाउन दृढ इच्छा शक्तिसहितको नेतृत्व निजी क्षेत्रको चाहना हुन सक्छ। कोभिड महामारीपछि तङ्ग्रिन खोजेको अर्थतन्त्रलाई फेरि तरलता अभाव र चर्को ब्याजदर प्रभावले नकारात्मक दिशातिर धकेलेको स्पस्ट नै छ। आर्थिक मुद्दालाई प्राथमिकता दिएर बजारका समस्यालाई सम्बोधन गर्नुपर्ने कुरामा कुनै विमति छैन। मुलुकमा देखिएको तरलता अभाव, चालू पुँजी कर्जासम्बन्धी व्यवस्थाको समयसापेक्ष सम्बोधन गर्न सके अर्थतन्त्रले सही दिशा लिन्छ। आर्थिक दृष्टिकोणलाई बुझेको स्थायी सरकारको अपेक्षा आम चाहना हो। कठोर निर्णय नै गरेर भए पनि मुलुकलाई सही दिशा दिन सक्ने नेतृत्व आवश्यक छ। मुलुकमै उद्यम व्यवसाय गर्न, रोजगारी सिर्जना बढाउन, लगानीका लागि स्वदेशी तथा प्रत्यक्ष विदेशी लगानी बढाउन नीगिगत रूपमै सहजीकरण गर्ने सरकार निजी क्षेत्रले खोजेको छ। लामो समयदेखि आर्थिक क्षेत्रसँग जोडिएका धेरै ऐन, कानुन अन्योलमा छन्। तिनीहरूलाई पारित गर्नुपर्ने र पुराना ऐन कानुन समयसापेक्ष बनाउनुपर्ने अबको दायित्व छ।

नेपालमा विगत लामो समयदेखि देशले व्यापारघाटा बेहोरेको छ। निर्यात बढाउन नसक्दा आयातको चाप थेग्न नसक्ने अवस्थामा देश पुगेको छ। यसैबीच चालू वर्षका लागि केन्द्रीय बैङ्कले कडा मौद्रिक नीति ल्यायो। अन्तर्राष्ट्रिय वातावरणले गर्दा चाप पऱ्यो भने युक्रेन र रुसको युद्ध तथा कोभिडले खाद्यान्न, तेलको मूल्य बढ्यो। नेपाली बजारमा एकपछि अर्को गर्दै दबाब सिर्जना भयो। यसको असर दैनिक उपभोग्य वस्तुदेखि सम्पूर्ण क्षेत्रमा परेकाले अर्थतन्त्र सङ्कुचनतिर जान थालेको कठिन अवस्थालाई सम्बोधन गर्नुपर्ने अबको सरकारको पहिलो दायित्व हुने निजी क्षेत्रले बताएको छ। समयमै समस्याको समाधानतर्फ पाइला चालिएन भने भोलि समस्या आउन सक्छ।

# प्रदेश-१ का चार मन्त्रीको अग्रता



झापा(प्रस) ।प्रदेश-१ का मुख्यमन्त्रीसहित ३ मन्त्रीले अग्रता कायम गरिरहेका छन् । मुख्यमन्त्री राजेन्द्रकुमार राई, आर्थिक मामिला तथा योजना मन्त्री इन्द्रबहादुर आङ्वो, पर्यटन मन्त्री खिनु लङ्वा तथा खानेपानी तथा सिञ्चाई मन्त्री रामकुमार राईले अग्रता कायम गरिरहेका छन् ।

भोजपुर-१ बाट प्रदेशसभा सदस्यको उम्मेदवार बनेका राई फराकिलो मतसहित अगाडि छन् । राजेन्द्रले ३५ सय ३७ मत प्राप्त गर्दा एमालेका हरिबहादुर राईले २ हजार ८९ मत ल्याएका छन् । राजेन्द्र राई एकीकृत समाजवादी पार्टीका केन्द्रीय सचिव हुन् ।

प्रदेश-१ का खानेपानी तथा सिञ्चाई मन्त्री समेत रहेका माओवादीका उम्मेदवार रामकुमार राईले खोटाङमा एमाले नेता विशाल भट्टराईलाई पछि परेका छन् । राईले ३ हजार १ मत पाउँदा भट्टराईले २ हजार ५९२ मत पाएका छन् ।

यस्तै, पर्यटन मन्त्री खिनु लङ्वा लिम्बुले ४ हजार ११२ मत ल्याएर अग्रता कायम गरिरहेकी छिन् । उनी एकीकृत समाजवादीको तर्फबाट प्रदेशसभा सदस्यको उम्मेदवार छिन् । खिनुलाई एमालेकी शोभा पराजुलीले पछ्याइरहेकी छन् । शोभाले ३ हजार ३५६ मत ल्याएकी छिन ।

# वीरता लेडी जेसीजले राष्ट्रिय उपाध्यक्षमा दावी गर्दै

झापा , मंसिर ६ । वीरता लेडी जेसीजले १५ वर्षपछि नेपाल जेसीजको राष्ट्रिय उपाध्यक्षमा उम्मेदवारी दिएको छ। निवर्तमान अध्यक्ष स्वस्तिका आचार्यलाई वीरता लेडी जेसीजले नेपाल जेसीज वर्ष २०२३ का लागि राष्ट्रिय उपाध्यक्षको उम्मेदवार बनाएको हो।

आउँदो पुष ७ देखि १० गतेसम्म वीरगञ्जमा हुने नेपाल जेसीजको राष्ट्रिय महाधिवेशनमा आचार्यले उपाध्यक्ष पदका लागि प्रतिस्पर्धा गर्ने मंगलवार आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष संगिता चिमरियाले जानकारी दिइन्। सन् २००४ मा स्थापित वीरता लेडी जेसीजको इतिहासमा सन् २००७ मा देवी भण्डारीले राष्ट्रिय उपाध्यक्ष पदमा विजय हासिल गरेकी थिइन्। सन् २०१० मा वीरता लेडी जेसीजमा प्रवेश गरेदेखि सक्रिय भूमिका निर्वाह गर्दै २ पटक उत्कृष्ट जेसी अवार्डबाट सम्मानित आचार्य गत वर्ष सन् २०२१ की शाखा अध्यक्ष हुन्।आफ्नो कार्यकालमा विभिन्न रचनात्मक र दीर्घकालीन कार्यक्रमको सुरु गरेकी आचार्य गत वर्ष नेपाल जेसीजबाट धेरै वटा विधामा सम्मानित समेत भएकी थिइन् ।प्राध्यापक,संचारकर्मी तथा प्रशिक्षक आचार्यलाई अमूल्य मत दिई विजय गराइदिनु हुन अध्यक्ष चिमरियाले सबै जेसीजहरुलाई आग्रह समेत गरेकी छन् ।



# नेदरल्यान्ड्सको विजयी सुरुवात

एजेन्सी ।नेदरल्यान्ड्सले विश्वकप फुटबलमा विजयी सुरुवात गरेको छ ।सोमबार राति भएको पहिलो खेलमा नेदरल्यान्ड्सले सेनेगललाई २-० गोल अन्तरले हराएको हो ।

अल थुमामा रंगशालामा भएको खेलमा नेदरल्यान्ड्सलाई जित दिलाउन कोडी गाप्पो र डभे कालाशेनले एक-एक गोल गरे । खेलको ८४ औं मिनेटमा गाप्पोले गोल गर्दै टिमलाई अग्रता दिलाएका थिए ।



उनले डी योङको पासमा डेड गोल गरेका हुन् । खेलको इन्ज्यूरी समयमा कालेसेनले गोल गर्दै टिमलाई २-० गोलको जित दिलाए ।

जितसँगै समूह ए मा रहेको नेदरल्यान्ड्सले एक खेलमा ३ अंक जोडेको छ । यता सनेगलले भने हारबाट प्रतियोगिताको सुरुवात गरेको छ ।

# दुर्घटनामा अधिकारकर्मी विश्वकर्माको निधन

झापा(प्रस) । सञ्चारकर्मसँगै राजनीति र दलित अधिकारको क्षेत्रमा सक्रिय युवा महावीर विश्वकर्माको दुर्घटनामा परेर मंगलबार बिहान निधन भएको छ ।

मंगलबार बिहान साढे पाँच बजेतिर पूर्व-पश्चिम महेन्द्र राजमार्गको राप्ती नगरपालिका-६ भण्डारानजिक हर्दी चोकमा बिग्रेर राखेको भुस बोकेको ना २ ख ८५२२ नम्बरको ट्रकसँग हेटौंडाबाट नारायणगढतर्फ गइरहेको बा ४ ख ४१२ नम्बरको माइक्रोबस ठोक्किएको थियो ।

सोही माइक्रोबसमा रहेका ३५ वर्षका महावीर विश्वकर्मा गम्भीर घाइते भएका थिए । उपचारका लागि भरतपुरको पुरानो मेडिकल कलेजको प्रवक्ता डीएसपी विजयराज पण्डितले जानकारी दिए ।



शिक्षण अस्पतालमा बिहान साढे सात बजेतिर उनको निधन भएको चितवन जिल्ला प्रहरी कार्यालयका महावीर विश्वकर्मा चर्चित रेडियो कार्यक्रम 'बहकिने मन'का प्रस्तोता थिए । उनी टेलिभिजन कार्यक्रम निर्माणमा पनि संलग्न थिए । चितवन राप्ती नगरपालिका-४ डडुवा घर भएका महावीर विश्वकर्मा वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपालका केन्द्रीय सदस्य र जात व्यवस्था उन्मूलन मोर्चा नेपालका सचिव थिए ।

सो दुर्घटनामा माइक्रोबसका चालक २६ वर्षीय शंकर चौधरीको बायाँ खुट्टा र नाकमा चोट लागेको छ । उनको अवस्था मध्यम रहेको डीएसपी पण्डितले बताए । अन्य चारजनाको अवस्था सामान्य रहेको उनले जानकारी दिए ।

# बेलको पेनाल्टीमा अमेरिकासँग वेल्सको बराबरी

एजेन्सी । कप्तान गेराथ बेलले खेलको अन्त्यतिर पेनाल्टीमा गोल गरेपछि वेल्सले विश्वकप २०२२ मा अमेरिकालाई १-१ को बराबरीमा रोकेको छ । वेल्स ६४ वर्षपछि पहिलो पल्ट विश्वकप खेलिरहेको छ । अमेरिकाले टिम वेहको गोलले पहिलो हाफको ३६ औं मिनेटमा अग्रता लिएको थियो र यसका लागि उनले क्रिस्टियन पुलिसिचको पास उपयोग गरे ।



खेल सकिन नौ मिनेट अगाडि बेलमाथि अमेरिकाको पेनाल्टी एरियामा वाल्कर जिमरमनले फल गरे र त्यसमै प्राप्त अवसरमा उनले गोल गरे ।

यो नतिजापछि समूह 'बी' इंग्ल्यान्ड तीन अंकसहित शीर्ष स्थानमा रह्यो भने त्यस पछाडि वेल्स तथा अमेरिका एक/एक अंकमा रहे । इरान भने विना कुनै अंक पुछारमा रह्यो । दिनको पहिलो खेलमा इंग्ल्यान्डले इरानलाई सजिलै हराएको थियो ।

# मतगणना परिसरमा जान पत्रकारलाई रोक

झापा(प्रस) । तेह्रथुममा मुख्य निर्वाचन अधिकृत प्रमेश पोखरेलले मतगणना परिसरमा प्रवेश गर्न जिल्लाका पत्रकार हरुलाई रोक लगाएका छन् ।

यसअघि प्रकाशित समाचारका विषयमा असन्तृष्टि जनाउँदै पोखरेलले जिल्लाका सबै पत्रकारलाई मतगणना परिसरसम्म जान पनि रोक लगाएका हुन् ।

सोमबार विभिन्न सञ्चारमाध्यममा प्रकाशित समाचारको विषयलाई लिएर मुख्य निर्वाचन अधिकृत पोखरेलले आफूलाई मिडियाले सहयोग नगरेको भन्दै समाचार संकलनमै रोक लगाएका छन् ।

सदरमुकाम म्याङलुङको सिंहवाहिनी माविमा अपरान्ह २ : ५० बजेबाट मतगणना भइरहेको थियो । आइतबार सम्पन्न निर्वाचनमा छथर गाउँपालिका-१ वडा कार्यालय



(ख) मतदान केन्द्रमा प्रदेशसभा सदस्यको मतपत्र नदिई कर्मचारीले प्रतिनिधिसभा सदस्यतर्फको मतपत्र दिएको खुलेको थियो । त्यसपछि राजनीतिक दल, उम्मेदवार र मुख्य निर्वाचन अधिकृतको कार्यालयबीच विवाद सिर्जना भएको थियो । सो मतदान केन्द्रमा कर्मचारीको लापरबाहीका कारण मतपत्र साटफेर भएको थियो । कर्मचारीले प्रतिनिधिसभाको मतपत्र दिनुपर्नेमा प्रदेशको र प्रदेशको मतपत्र दिनुपर्नेमा प्रतिनिधिसभाको मतपत्र दिएको खुलेको थियो । त्यही विषय थाहा पाएपछि राजनीतिक दलहरुले पुनः मतदानको माग गरेका थिए ।

जिल्लाबाट पुनः मतदान गर्न माग भएकोमा निर्वाचन आयोगले पुनः मतदान नगरी दलीय सहमति जुटाएर मतगणना गराउन निर्देशन दिएको थियो । पत्रकारहरुलाई निषेध गरेको विषयमा नेपाल पत्रकार महासंघ जिल्ला शाखाले विज्ञप्तिमार्फत् भर्त्सना गरेको छ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, लोकतान्त्रिक शासन व्यवस्था र विधिको शासनका पक्षधर पत्रकार, संचारकर्मीहरुलाई मतगणना परिसरमा लगाएको रोकको विरोध गर्दै महासंघले गम्भिर ध्यानाकर्षण भएको जनाएको छ ।जिल्लाका सञ्चारकर्मीहरूलाई स्वतन्त्र, निर्वाध, सुरक्षित, सरल र सहजढंगबाट मतगणनाको समाचार संकलन र संप्रेषण गर्ने वातावरण सृजना गरिदिन निर्वाचन आयोगसमक्ष महासंघले माग गरेको छ ।


प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY

वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा



PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580


सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट - पत्रपत्रिका - स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर-शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट



वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष** शुभकार्यको चर्चा चल्नेछ । मनमा उत्साहका साथै बोली बिक्ने समय छ ।

**वृष** आँटेको र ताकेको कार्य पुरा होला । कूटनीतिक नियोगको सहयोग मिल्नेछ ।

**मिथुन** आज महत्वपूर्ण अवसर गुम्न सक्छ । आफन्तको सल्लाह लिनु नै उचित हुनेछ ।

**कर्कट** चिताएको कामले तीव्रता लिनेछ । सामाजिक कार्यमा सफलता मिल्नेछ ।

**सिंह** आज इच्छा र आकांक्षा पूर्ण होला । पठनपाठनमा प्रगति हुनेछ ।

**कन्या** मित्रबाट सहयोग मिल्नेछ । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**तुला** अरुको भर पर्दा धोका पाइनसक्छ । राजनैतिक कार्यमा बाधा आउनेछ ।

**वृश्चिक** आज आकस्मिक धन लाभ हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**धनु** आज शुभ समाचार सुन्न पाइएला । प्यारो साथीसँग भेट हुनेछ ।

**मकर** अरुलाई प्रभावित पारेर काम बन्नेछ । कार्य सम्पादनमा सहजता मिल्नेछ ।

**कुम्भ** घरमा कुटुम्बको आगमन हुनसक्छ । प्रतिष्ठा प्राप्तिका लागि संघर्ष गर्नु पर्नेछ ।

**मिन** आज प्रतिष्ठित काम सुरु गर्ने मौका छ । पराक्रम र उत्साह बढ्नेछ ।